# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारत-ब्रिटेन द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्न प्रधानमन्त्री नरेन्द्र मोदी ब्रिटेन प्रस्थान गर्नुभएको छ।
- बांग्लादेशमा सैन्य विमान दुर्घटनामा घाइतेहरूको उपचारको निम्ति भारतले विशेषज्ञ चिकित्सकहरू र नर्सहरूको दल ढाका पठाइरहेको छ।
- मुख्यमन्त्री ममता ब्यानर्जीले आज महान बंगला साहित्यकार ताराशंकर बन्द्योपाध्यायको जयन्तीमा उहाँलाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो।
- गोर्खालीग नेता मदन तामाङ हत्या काण्डको कोर्ट ट्रायल १५ वर्षपछि आजदेखि सुरू भएको छ।
- जिल्ला कानूनी सेवा प्राधिकरण (DLSA) को आयोजनामा आजदेखि दार्जीलिङ जिल्ला अदालत परिसरमा मेडिकल युनिट सेन्टर शुरू गरिएको छ।

**प्रधानमंत्री लंदन**

भारत-ब्रिटेन द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्न प्रधानमन्त्री नरेन्द्र मोदी ब्रिटेन प्रस्थान गर्नुभएको छ। लन्डनमा आकाशवाणी संवाददातासँग कुरा गर्नुहुदै ब्रिटेनका लागि भारतका उच्चायुक्त विक्रम कुमार दोराईस्वामीले यो भ्रमण दुवै देशका लागि लाभदायक हुने बताउनुभयो। उहाँले यस भ्रमणको क्रममा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर हुन सक्ने र यसले दुवै अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताउनुभयो।

हाम्रो संवाददाताबाट एक रिपोर्ट –

**मुख्यमन्त्री श्रद्धाञ्जलि**

मुख्यमन्त्री ममता ब्यानर्जीले आज महान बंगला साहित्यकार ताराशंकर बन्द्योपाध्यायको जयन्तीमा उहाँलाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो। आज बिहान मुख्यमन्त्रीले सोशल मीडियामा आफ्नो श्रद्धा निवेदित गर्नुहुदै, बन्द्योपाध्यायका साहित्यिक रचनाहरू बंगला भाषीहरूका लागि सदैव स्मरणीय रहने बताउनुभयो। मुख्यमन्त्रीले, उहाँको पार्टी तृणमूल कंग्रेसले सत्तामा आएपछि बीरभूम जिल्लाको लाभपुरस्थित बन्द्योपाध्यायको पैतृक निवास 'धात्रिदेवता'- को जीर्णोद्धार गराएको बताउनुभयो साथै "महान साहित्यकार ताराशंकर बन्द्योपाध्यायको जयन्तीमा बंगला भाषा र साहित्यमा उहाँले पुऱ्याएका योगदानको लागि श्रद्धाञ्जलि अर्पण गर्नुभयो। उहाँले 'गणदेवता', 'पंचग्राम', 'धात्रिदेवता', 'हंसुली बांकेर उपकथा', 'कवि' जस्ता उनका कृतिहरू बंगला साहित्यमा सदेव अमर रहने बताउनुभयो।"

**बांग्लादेश विमान दुर्घटना**

बांग्लादेशमा सैन्य विमान दुर्घटनामा घाइतेहरूको उपचारको निम्ति भारतले विशेषज्ञ चिकित्सकहरू र नर्सहरूको दल ढाका पठाइरहेको छ। बांग्लादेशको वायुसेनाको चीन निर्मित एक ट्रेनर फाइटर जेट 21 जुलाईमा ढाकाको माइलस्टोन स्कूल एण्ड कलेजको बिलिङसित ठोकेर दुर्घटनाग्रस्त भएको थियो, जसमा कम्तीमा 31 जनाको मृत्यु भएको थियो। दुःखको कुरा के छ भने मृतकहरूमा अधिकतर स्कूली नानीहरू सामेल छन्। विदेश मन्त्रालयको तर्फबाट हिज राति , जरूरी चिकित्सा सहायताको साथ 'बर्न विशेषज्ञ चिकित्सकहरू र नर्सहरूको टीम' पीड़ितहरूको उपचारको निम्ति छिट्टै नै बांग्लादेशको ढाका जाने बताएको छ। बर्न-

स्पेशलिस्ट डाक्टरहरूको टीमले रोगीहरूको स्थितिको आकंलन गर्नेछ र आवश्यकताको हिसाबले भारतमा अगाड़ीको उपचार र विशेष देखरेखको सिफारिश गर्नेछ। जानकारी अनुसार, ढाका जाने टीममा दिल्लीको राममनोहर लोहिया अस्पताल र सफदरगंज अस्पतालका डाक्टरहरू सामेल छन्।

**मदन तामाङ हत्या काण्ड**

गोर्खालीग नेता मदन तामाङ हत्या काण्डको कोर्ट ट्रायल १५ वर्षपछि आजदेखि सुरू भएको छ। दार्जीलिङ जिल्ला अदालत परिसरमा भिडियो कन्फरेन्सिङ मार्फत पहिलो सुनुवाइ आज सम्पन्न भयो।दार्जीलिङबाट ४६ जना आरोपी र कोलकाताको प्रेसिडेन्सी जेलमा रहेका एक जना आरोपी भिडियो कन्फरेन्सिङ मार्फत उपस्थित गराइएका थिए। सुनुवाइ कोलकाताको सिटी सेसन अदालतका न्यायाधीश समक्ष सम्पन्न भयो।अदालत स्रोतका अनुसार अर्को सुनुवाइ आगामी २५ अगस्ट २०२५ मा हुनेछ, जसमा दार्जीलिङ अदालतबाट आरोपहरु र कोलकातास्थित सिटी सेसन अदालतमा न्यायाधीशसँगै परिवारको तर्फबाट पहिलो साक्षी अमर लामा उपस्थित हुनेछन्। २१ मई २०१० मा दार्जीलिङको क्लबसाइड क्षेत्रमा आयोजित एक जनसभाको क्रममा अखिल भारतीय गोर्खा लिगका तत्कालीन अध्यक्ष मदन तामाङको निर्मम हत्या गरिएको थियो। घटना पश्चात्, त्यस समयका प्रभावशाली राजनीतिक दल गोर्खा जनमुक्ति मोर्चा का शीर्ष नेताहरू विरुद्ध हत्या षड्यन्त्रको आरोप लागेका थिए।हत्या प्रकरणमा कुल ५३ जना विरुद्ध अभियोग लगाइएको थियो। तीमध्ये चार जनाको मृत्यु भइसकेको छ, दुई जना अझै लापत्ता छन् र एक जना हाल कोलकाताको प्रेसिडेन्सी जेलमा बन्दी छन्।घटनाको पहिलो प्राथमिकी अखिल भारतीय गोर्खा लिगका तत्कालीन महासचिव लक्ष्मण प्रधानले दर्ता गराएका थिए, जसको हाल मृत्यु भइसकेको छ।

**साउथफिल्ड अपराध र लागूपदार्थ जागरूकता**

दार्जिलिङ स्थित साउथफिल्ड कलेजको शिक्षा विभागले हिज "साइबर अपराध र लागूपदार्थ जागरूकता कार्यक्रम" सफलतापूर्वक आयोजना गर्‍यो। यस पहलको प्राथमिक उद्देश्य डिजिटल सुरक्षाबारे ज्ञान बढाउनु, विद्यार्थी र शिक्षकहरू दुवैमा जिम्मेवार इन्टरनेट प्रयोगलाई सशक्त बनाउनु रहेका थिए, जसले गर्दा समसामयिक चुनौतीहरूलाई सम्बोधन गर्नु थियो। कार्यक्रममा साउथफिल्ड कलेज शिक्षा विभागबाट सहभागीहरू रहेका थिए भने प्राचार्य डा अनुराधा राईको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा कानून प्रवर्तनका विशिष्ट वक्ताहरू उपस्थित थिए, जसले साइबर अपराध र लागुप्रदार्थ बारे जागरूकता विकास गराउन बहुमूल्य अन्तर्दृष्टि र विशेषज्ञता प्रदान गरे जसमा श्री. देवराज दास, आईपीएस अतिरिक्त एसपी, दार्जिलिङ श्री. उज्ज्वल सरकार उप-प्रहरी अधीक्षक (डीएसपी) दार्जिलिङ टाउन श्री. शुभ्रा सन्याल आईसी सदर पीएस, दार्जिलिङ श्री. देबासिस रोय आईसी साइबर पिएस, आदिको उपस्थितिमा सम्पन्न भएको थियो। प्राचार्य डा. अनुराधा राई, विभागीय प्रमुख, शिक्षा विभाग डा. श्रीकृष्ण सरकार लगायत अन्यको उपस्थिति रहेको थियो। सम्पूर्ण कार्यक्रमको सञ्चालन साथै स्वागत सम्बोधन डा प्रतिष्ठा गुरुङले राखेका थिए भने डा. पुनम प्रधानले धन्यवाद ज्ञापन गरेका थिए।

**सिलगढ़ी एटीएम लूट**

सिलगढ़ीमा एक पल्ट फेरि एटीएम लूटको घटना प्रकाशमा आएको छ। आज प्रातकल बिहान ईस्टर्न बाइपास स्थित एक सरकारी ब्याङ्कको एटीएम लूटेर बदमाशहरूले सुइकोचा ठोके। प्राप्त जानकारी अनुसार, बदमाशहरूको एक दलले लगभग 3 बजेर 17 मिनटमा बजी एटीएम काउन्टरमा पसे यसपछि मशीनलाई काटेर लगभग 14 लाख रूपियाँ लूटेर भागेका छन्। एटीएम लूटेर भागिरहेको बदमाशलाई आशीघर थानाको पुलिस भ्यानले पछयाउने प्रयास गरेता पनि बदमाशहरू पुलिसलाई छक्याउन सफल भए । पुलिसले पछि बदमाशको वाहनलाई हिमाचल, बिहारमा जफत गरेको छ। जुन वाहन पुलिसले जफत गरेको छ, उक्त वाहनलाई अम्बिका नगरबाट बदमाशहरूले लूटलाई अन्जाम दिन चोरेका थिए। पुलिसले वाहन मालिकको पत्तो लगाएको छ। अम्बिका नगरबाट वाहन चोर्ने घटना सीसीटीभीमा कैद भएको छ। पुलिसले सम्पूर्ण मामिलाको जाँच शुरू गरेको छ। उल्लेख्य छ, हालमा सिलगढ़ीमा एटीएम लूटको लगातार दुई घटनाहरू अघि आएको छ।

**जिल्ला अदालत परिसरमा मेडिकल युनिट सेन्टर शुरू**

जिल्ला कानूनी सेवा प्राधिकरण (DLSA) को आयोजनामा आजदेखि दार्जीलिङ जिल्ला अदालत परिसरमा मेडिकल युनिट सेन्टर शुरू  गरिएको छ। उक्त युनिटको उद्घाटन जिल्ला अदालतका माननीय न्यायाधीश जिमुत वाहन बिश्वासको  वाहुली द्वारा  गरियो ।उद्घाटन समारोहमा जिल्ला अस्पतालका डा. अरिजित मन्ना, DLSA का कर्मचारीहरु, प्यारालिगल भोलिन्टियरहरू र अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।न्यायाधीश बिश्वासले जानकारी दिँदै उक्त मेडिकल युनिट सेन्टरमा डाक्टरसहित नर्सहरूको पनि उपस्थित हुने बताए। यस  मेडिकल युनिटले अदालतमा कार्यरत पुलिस, कर्मचारीहरू तथा कानुनी कामका लागि आउने सर्वसाधारणलाई आकस्मिक स्वास्थ्य सेवामा सहयोग पुऱ्याउने न्यायाधीश जिमुत वाहन बिश्वासले  बाताए ।

**खरसाङ जगन्ननाथ रथ यात्रा**

खरसाङमा गत केहीदिन अघि अखण्ड हरिसकीर्तन समितिको आयोजनामा सम्पन्न जगन्ननाथ रथ यात्रामा सहयोग र सहभागिता जनाउने विभिन्न सङ्घ-संस्था, धार्मिक एवम् आध्यात्मिक सङ्घ-संस्था लगायत व्यक्ति विशेषप्रति आभार ज्ञापन गर्न तथा सम्मान जनाउन समितिले आज खरसाङमा एउटा कार्यक्रमको आयोजना गर्यो। खरसाङको एउटा होटलमा समितिका अध्यक्ष राजेन्द्र प्रसाद अग्रवालको अध्यक्षतामा सम्पन्न समारोहको सञ्चालन समितिका सचिव रमेश प्रसादले गरेका थिए। समारोहमा मुख्य एवम् विशिष्ट अतिथिको रुपमा समितिका संरक्षक तथा खरसाङ राम मन्दिरका पुरोहित अखिलेन्द्रनाथ द्वीवेदी, आचार्य केशव मिश्र, पुरोहित पुरुषोत्तम अधिकारी, पेम्बा रिम्पोछे, रामकृष्ण आश्रमका सञ्चालक सुचितानन्द आनन्द, ब्रम्हकुमारी दुर्गा देवी, आचार्य महेश अत्रि, खरसाङ ट्राफिक ओसी बिरेन्द्र छेत्री, पुरोहित आनन्द पारेख, अधिवक्ता रमेश अग्रवाल, पुरोहित पुण्य प्रसाद शर्मा लगायत विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरू उपस्थित थिए। समारोहमा यस वर्ष समितिद्वारा आयोजित रथयात्रामा सहयोग प्रदान गर्ने तथा सहभागिता जनाउने सबै आध्यात्मिक एवम् सामाजिक सङ्घ-संस्था, विभिन्न मन्दिर सञ्चालन समिति, मिडिया कर्मीहरू तथा व्यक्ति विशेषलाई समितिको पक्षबाट खदा लगाएर, शाल ओडाएर अनि सम्मान पत्र तथा तुलसीको बोट प्रदान गरेर सम्मान जनाइयो।

***********